# कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर/टाँडी? 

रुक्षभग्राम, चितवन

३ नं. प्रदेश, नेपाल

प.सं.:-०७६/७७

च.नं.:- ९२०९

*(कृपया जवाफ पठाउँदा पूर्व पत्र संख्या, चलानी नं. र मिति उल्लेख गर्नुहुन।)*

मिति :२०७६/०८/२०

बिषय : प्रगति विवरण पेश गर्ने सम्बन्धमा |

श्री विभिन्न सहकारी सघ सस्थाहरु

कालिका नगरपालिका चितवन

प्रस्तुत बिषयमा यस कालिका नगरपालिका भित्र कार्य क्षेत्र कायम रहेका विभिन्न प्रकृतिका सहकारी संघ सस्थाहरूले प्रगति विवरण महिना सकिएको ८ गते भित्र अनिवार्य रुपमा पेश गर्नुपर्नेमा यस कार्यालयमा अधिकांश सहकारी सस्थाबाट तोकिएको समयमा प्रगति विवरण पठाएको नपाईएको, अझैसम्म पनि डिभिजन सहकारी कार्यालय लेखि प्रगति विवरण पठाउने गरेको बुझिएको हुदा सो कार्यबाट नगरपालिकाको ध्यानाकर्षण भएको छ | नगरपालिका अन्तर्गत मा सहकारी संघ सस्थाहरुको व्यवस्थापन नियमन हुने कानुनी व्यवस्था भएको करिब डेड वर्ष बितिसकेको अवस्था र नेपाल सरकार सङ्घीय सहकारी ऐन २०७४ ले पनि नगर क्षेत्रभित्रका सहकारी सस्थाहरुको नियमन गर्ने अधिकार सम्बन्धित स्थानीय तहलाई प्रदान गरेको व्यहोरा स्मरण गराउदै यस नगरपालिकाबाट पनि सहकारी ऐन जारी भईसकेको अवस्थामा सोही ऐनको प्रावधान बमोजिम समयमा नै प्रगति विवरण पठाउनु पर्नेमा कतिपय सहकारी सस्थाहरुबाट हाल सम्म पनि प्रतिबेदन प्राप्त नभएकोले समयमा नै प्रतिबेदन पठाउन सहकारी सस्थाहरुलाई अनुरोध गरिन्छ | यस कालिका नगरपालिकाको कार्यालयको आर्थिक बिकाश शाखा सहकारी सम्पर्क शाखा ( सम्पर्क अधिकृत श्री प्रकाश चन्द्र पौडेल मो.न. ९८५५०६११३१ ) तोकिएको हुदा तोकिएको ढाचामा उल्लेखित समय भित्र शाखामा अनिवार्य रुपमा आईपुग्ने गरि पठाउनु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ |

(.........................)

यज्ञ पुरी

प्रमुख प्रशासकीय अधिकृत

यज्ञ पुरी

प्रमुख प्रशासकीय अधिकृत